## लोक सेवा आयोग
## नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूह, आठौं तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रमको रुपरेखा :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार दुई चरणमा परीक्षा लिइने छ :
प्रथम चरण :– लिखित परीक्षा पूर्णाङ्क :– २००
द्वितीय चरण :– सामूहिक परीक्षण र अन्तर्वार्ता पूर्णाङ्क :– ४०

प्रथम चरण – लिखित परीक्षा योजना (Examination Scheme)

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या Xअङ्कभार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | आयूर्वेद सम्बन्धी बिषय | १०० | ४० | वस्तुगत बहुवैकल्पिक (MCQs) | १००X१ = १०० | १ घण्टा १५ मिनेट |
| द्वितीय | | १०० | ४० | विषयगत (Subjective) | १०X१० = १०० | ३ घण्टा |

**द्वितीय चरण**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता | ३० | मौखिक | - |

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।
२. पाठ्यक्रमको प्रथम तथा द्वितीय पत्रको विषयवस्तु एउटै हुनेछ ।
३. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।
४. प्रथम तथा द्वितीय पत्रहरुका एकाइहरुबाट सोधिने प्रश्नसंख्या निम्नानुसार हुनेछ :

| प्रथम पत्रका एकाई | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | 5 | 10 | 10 | 8 | 10 | 10 | 20 | 12 | 12 | 3 |
| द्वितीय पत्रका खण्ड | A | | | B | | C | | D | | |
| द्वितीय पत्रका एकाई | 1 | 2 | 10 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
| प्रश्न संख्या | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 |

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।
६. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।
७. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।
८. द्वितीय पत्रमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।
९. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।
१०. यस भन्दा अगाडि लागू भएको माथि उल्लिखित समूहको पाठ्यक्रम खारेज गरिएको छ
११. पाठ्यक्रम लागू मिति :– २०६२/२/२४ देखि (**२०७२/०७/२४ को निर्णय अनुसार सामूहिक परीक्षण समावेश**)

**प्रथम र द्वितीय पत्र :– आयुर्वेद सम्वन्धी विषय**

## Section A 30 Marks

**१) मौलिक सिद्धान्तः**

आयुर्वेदको अवतरण, प्रकृति, शरीर, मन, आत्मा, दोष-भेद-स्थान-कर्मको ज्ञान । धातु, उपधातु, मल संख्या, नाम, पञ्चमहाभूतको ज्ञान । द्रव्य-गुण-कर्म-सामान्य-विशेषादिको ज्ञान । प्रमाण-प्रत्यक्ष, अनुमान-आप्तोपदेश, युक्ति, कारण आदिको ज्ञान र मौलिक सिद्धान्तका समग्र बिषयहरुको ज्ञान

**२) शरीर रचना र क्रिया बिज्ञानः**

शरीर रचनागत गर्भशरीर (गर्भको परिभाषा, सूक्ष्म-रचनात्मक परिचय, गर्भाधान, गर्भ पोषण, अपरा निर्माण, अङ्ग-प्रत्यङ्ग निर्माण आदिको ज्ञान) अस्थिशारीर, सन्धिशारीर, लसिका संस्थान, पेशी शारीर, सिरा-धमनी र स्रोत शारीर एवं बिभिन्न संस्थानहरुको ज्ञान । ग्रन्थी-कला-त्वक्-मर्म, इन्द्रिय शारीरको ज्ञान । सञ्चय, प्रकोप, प्रसर आदि षड्क्रियाकालको ज्ञान, दोषहरुको विकारकारित्व, ब्याधिजनकत्व, दोषहरु वात-पित्त-कफहरुको भेदानुसार स्थान-गुण-कर्मको ज्ञान । प्राणवहस्रोतस । रक्त परिभ्रमण, हृत्कार्यचक्र, रक्तचाप, नाडीको ज्ञान । श्वास-प्रश्वास र अग्निहरु, पाचन पोषण-सात्मीकरणवारे क्रियाहरुको ज्ञान । दोष-धातु-मल एकादशेन्द्रियको ज्ञान । स्वतन्त्र र परतन्त्र नाडी संस्थान, अन्तस्रावी ग्रन्थीहरुको कार्य र क्षय-बृद्धिका लक्षणको ज्ञान ।

**१०) स्वास्थ्य सम्बन्धी ऐन, नियमहरुः**

स्वास्थ्य सेवा ऐन, २०५३
स्वास्थ्य सेवा नियमावली, २०५५
आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
सिंहदरवार बैद्यखाना विकास समिति गठन आदेश, २०५१
नरदेवी आयुर्वेद चिकित्सालय विकास समिति गठन आदेश, २०५९
राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२
आयुर्वेद सम्बन्धी संगठन, शिक्षा र सेवाका स्तरहरुको सामान्य जानकारी

## Section B 20 Marks

**३) द्रव्यगुणः**

द्रव्यगुणशास्त्रको परिभाषा, रस-गुण-वीर्य-विपाक-प्रभावको ज्ञान । कर्मवाचक शब्दहरु जस्तै, दीपन-पाचन आदिको परिभाषा, गणहरु, भेषज प्रयोग गर्दा विचारणीय पक्षहरु जस्तै देश-काल-बल आदिको ज्ञान ।

निम्न द्रब्यहरुको नेपाली, संस्कृत र लेटिन नाम, कुल, सामान्य परिचय, मुख्य रसायनिक घटक, आमयिक प्रयोग संस्थानिक कर्म, विषाक्त प्रभाव र त्यसको निवारण, प्रयोज्य अङ्ग, मात्रा एवं औषधि योग वारे ज्ञान ।

| | | | | | |
|---|---|---|---|---|---|
| अर्क | एलाद्वय | गुडुची | दन्ती | पिप्पली | रास्ना |
| अगुरु | कर्कट श्रृङ्गी | गुग्गुल | दाडिम | पुनर्नवा | लताकरञ्ज |
| अग्निमन्थ | काञ्चनार | गोक्षुर | दारुहरिद्रा | पुष्करमूल | लवङ्ग |
| अजमोदा | कुटज | चाङ्गेरी | देवदारु | पृश्नपर्णी | लोध्र |
| अर्जुन | कण्टकारी | चित्रक | धतुर | बला | वासा |
| अतिबला | कपिकच्छु | चन्दन | धातकी | ब्राह्मी | वचा |
| अतिविषा | कुपिल | जम्बु | धान्यक | बृहती | वरुण |
| अपामार्ग | कुमारी | ज्योतिष्मती | नागकेशर | भल्लातक | वाकुची |
| अश्वगन्धा | करञ्ज | जातिफल | नागबला | भृङ्गराज | विभितक |

लोक सेवा आयोग

| | | | | | |
|---|---|---|---|---|---|
| अशोक | करवीर | जटामसी | निम्ब | मधुयष्टी | विडङ्ग |
| अहिफेन | किराततिक्त | जीरक | निम्बुक | मरिच | सप्तपर्ण |
| आर्द्रक | कुष्ठ | त्वक् | निर्गुण्डी | मण्डुकपर्णी | सर्पगन्धा |
| आमलकी | कृष्णजीरक | तुलसी | पटोल | मुस्तक | सारिवा |
| आरग्वध | कुम्माण्ड | तुवरक | पलाश | मिश्रेया | हरितकी |
| इन्द्रवारुणी | खदिर | तालिशपत्र | पाठा | यवासा | हिङ्गु |
| उशीर | गम्भारी | तेजोह्वा | पाटला | यवानी | हरिद्रा |
| एरण्ड | गन्धप्रसारिणी | त्रिवृत | पारसिकयवानी | रसोन | |

## ४) रसशास्त्र, भैषज्य कल्पनाः

रसशास्त्र र भैषज्य कल्पनाको परिभाषा, लवण पञ्चक, क्षार पञ्चक, मधुरत्रय आदि । परिभाषा प्रकरण, औषधि निर्माणका पुट-मूषा-कोष्ठीको ज्ञान, रसको पर्याय, रसौषधिहरुको निर्माण बिधि, मात्रा, गुण, आमयिक प्रयोग, उपरस-महारस, धातु, उपधातु, रत्न-उपरत्न, बिष-उपविष आदिहरुको शोधन मारण र उपयोग आदिको ज्ञान ।

भैषज्य कल्पनाका आधारभूत सिद्धान्तहरु पञ्चविध कषाय कल्पना, चूर्ण, वटी, आसव, अरिष्ट, घृत, तैल आदिको निर्माण, प्रयोग, मात्रा र पथ्य निर्माणको ज्ञानको साथै औषधि संरक्षण विधिको ज्ञान ।

# Section C 20 Marks

## ५) स्वस्थबृत्त, ब्यवहार आयुर्वेद र अगदतन्त्रः

वैयक्तिक, सामाजिक एवं पर्यावरणीय स्वास्थ्यको ज्ञान । आहार विधि, मात्रा, काल भूमि, जल, वायु, तेजको विकृति एवं जनपदध्वंशको ज्ञान । स्वास्थ्य रक्षा, रोग प्रतिरोधात्मक उपायहरु, जनसंख्या, परिवार कल्याण, शिशु कल्याण कार्यक्रमहरु र अन्तर्राष्ट्रिय सहयोग वारे ज्ञान । त्यस्तै योग तथा प्राकृतिक चिकित्साको ज्ञान ।

स्थावर, जङ्गम, रसायनिक, कृत्रिम विषहरुको ज्ञान, विष परीक्षा, विषाक्त प्रभावहरु र त्यस सम्बन्धी उपचारको ज्ञान । ब्यवहार आयुर्वेद सम्बन्धी शव परीक्षण विधि, न्यायिक बैद्यवारे ज्ञान ।

## ६) रोगविज्ञान तथा विकृति विज्ञानः

दोष-धातु-मलहरुको उपचय, बृद्धि र क्षयका लक्षणहरु, दोषहरुको संचय, प्रकोप-प्रसर आदिको ज्ञान । दोष दूष्यहरुको कोष्ठ-शाखाश्रय, दोषका कर्महरु, रोग मार्गहरु, विकृति विज्ञानको परिभाषा र महत्व, स्रोतहरुको बिवरण, महत्व, स्रोतो वैगुण्य, स्रोतो दुष्टिका कारण, लक्षणहरुको ज्ञान । स्थानस्थ धातु विकृति, रोगका प्रकारहरु र तिनीहरुका बिशेष अवस्थाहरु जस्तै, आम-पक्वको निरुपण, निदान पञ्चकको महत्व ।

बिभिन्न स्रोतवह जस्तै रस-वह, रक्त-वह, प्राण-वह, उदक-वह, अन्न-वह, मेदो-वह, मनो-वह, स्रोत एवं वातनाडी स्रोतका रोगहरुको विशिष्ट ज्ञान । जीवतिक्ति(भिटामिन) हीनता जनित रोगहरु, रोगोत्पत्तिमा सूक्ष्म जीवाणुहरुको भूमिका, परजीवीहरुको प्रकार, स्वरुप, रञ्जन विधि, जीवन चक्र, निर्जीवीकरण, कृत्रिम उत्पादनहरुको सामान्य परिचय, कफ-मल-मूत्र-रक्त-क्ष-किरण परीक्षण आदिको ज्ञान ।

रोग एवं रोगी परीक्षण जस्तै, वक्ष-नाडी-उदर साथै त्रिविध, प्रमाणअनुसार चतुर्विध, पञ्चेन्द्रिय परीक्षा र प्रश्न अष्टविध रोगी परीक्षणको ज्ञान ।

## Section D 30 Marks

**७) काय चिकित्साः**

आदि दैविक, आदि भौतिक, अध्यात्मिक र स्थानीय रोगहरुको निदान, चिकित्सा सूत्र र चिकित्साको ज्ञान । कुपोषणजन्य एवं मानस रोग तथा बृद्ध अवस्थाजन्य बिशिष्ट ब्याधिहरुको कारण, लक्षण र चिकित्साहरुको ज्ञान । पञ्चकर्म, षड्क्रियाकाल, रसायन वाजीकरण, नैष्ठिकी चिकित्साको ज्ञान एवं आत्ययिक चिकित्सामा बिभिन्न अवस्थाको निदान र चिकित्साको ज्ञान । आधुनिक चिकित्साको बिशिष्ट व्यवस्था पद्धतिहरुको ज्ञान ।

**८) शल्य/शालाक्यः**

शल्यतन्त्र सम्बन्धी व्रण, शोथ, दग्ध, सद्योव्रण, अर्वुद, अस्थिभग्न, सन्धिच्यूतको नैदानिक ज्ञान । अष्टविध शल्यकर्म आदिको ज्ञान । क्षारकर्म, सन्धानकर्म, रक्त मोक्षण आदिको ज्ञान । संस्थानगत आयुर्वेद एवं आधुनिक शल्य कर्महरुको आधारभूत ज्ञान । शल्यमा प्रयोग हुने यन्त्र-शस्त्रहरु एवं तिनीहरुको निर्जीविकरण (Sterilization) गर्ने विधिको ज्ञान ।

उर्ध्वजत्रुगत जस्तै मुख, नेत्र, कर्ण, नासा एवं शिरोगत रोगहरुको कारण, निदान, लक्षण र चिकित्साको ज्ञान । क्रियाकल्प एवं राष्ट्रियस्तरको अन्धोपन निवारण आदि आयोजनाहरुको ज्ञान ।

**९) स्त्री-प्रसूती एवं बालरोगः**

प्रसूतिसंग सम्बद्ध गर्भ, गर्भधारण, वीज, वृद्धि, प्रसवकर्म, सूतिकाब्याधि आदिको उपचार ब्यवस्थाको ज्ञान । स्त्रीरोगहरु, योनिब्यापदको निदान लक्षण र चिकित्साको ज्ञान । मूढगर्भ एवं गर्भ विकृति आदिको ज्ञान ।

बालरोग -शिशुहरुको क्षीर, क्षीरान्नाद अन्नाद आदि अवस्थाहको ज्ञान । बालरोग परीक्षा विधी, बालकहरुमा हुने रोगहरु जस्तै, नाभिपाक, मुखफाक, गुदपाक, कुपोषण, कृशता, मलावरोध, छर्दि, अतिसार, ज्वर, क्षीरालसक र प्राणवह स्रोतका रोग । फक्क, यकृत्‌विकृतिजन्य ब्याधिहरु, शैशवीय पक्षाघात, दन्तोद्‌भेदजन्य रोग र अन्य रोगहरुको निदान, लक्षण, चिकित्सा एवं औषधिको मात्रा निरुपण आदिको ज्ञान । पोषण, धातृ परीक्षण, बालग्रहको निदान, लक्षण र उपचार सम्बन्धी ज्ञान । खोप-सिद्धान्त भेद, खोप दिने समय र विधिहरुको ज्ञान । आत्ययिक अवस्थामा रोगीको प्राण वचाउन तत्कालिन आधुनिक औषधि तथा आकस्मिक रुपमा गरिने अन्य उपचार विधिहरुको प्रयोगको ज्ञान ।

----------------------

## वस्तुगत बहुउत्तर नमूना प्रश्नहरु (Sample questions)

१) शरीरको तापलाई नबढ्ने गरी सन्तुलनमा राख्ने महाभूत कुन हो?
(क) जल (ख) आकाश (ग) तेज (घ) वायु
**सही उत्तर :- (क)**

२) रोग लाग्नुमा भित्री कारण के हो?
(क) अपथ्य आहार (ख) मद्यपान (ग) धातुहरुको क्षय (घ) रात्री जागरण
**सही उत्तर :- (ग)**

३) आमाशय खाली भएको बेला के काम गर्दछ?
(क) रगत वनाउने काम (ख) शक्ति संचालन गर्ने काम
(ग) मल निकाल्ने काम (घ) माथिका सबै
**सही उत्तर :- (ग)**

४) गुर्जोले कुन दोष नास गर्दछ?
(क) वात (ख) पित्त (ग) कफ (घ) त्रिदोष
**सही उत्तर :- (घ)**

५) रात्री चर्या भन्नाले के बुझिन्छ?
(क) रातमा गर्नुपर्ने काम (ख) रातमा नगर्नु पर्ने काम
(ग) रातमा आराम गर्नु पर्ने काम (घ) माथिका सबै
**सही उत्तर :- (ख)**

६) कृतान्न वर्ग भन्नाले के बुझिन्छ?
(क) अन्न तुल्याउने (ख) अन्न धोइ-पखाली सफा गर्ने
(ग) खाना तयार पार्ने (घ) पथ्य निर्माण गर्ने
**सही उत्तर :- (घ)**

७) जोडा मिलाउनु होस्

| | |
|---|---|
| १. काय चिकित्सा | ५. सन्तानोत्पत्ति, प्रहर्ष |
| २. शल्य तन्त्र | ६. बिष |
| ३. अगद तन्त्र | ७. यन्त्र-शस्त्र |
| ४.वाजीकर तन्त्र | ८. शोधन-शमन |

(क) १–८, २–७, ३–६, ४–५ (ख) १–५, २–७, ३–६, ४–८
(ग) १–६, २–८, ३–५, ४–८ (घ) १–७, २–८, ३–६, ४–५
**सही उत्तर :- (क)**

## विषयगत नमूना प्रश्नहरु (Sample questions)

| | | |
|---|---|---|
| १) | वात, पित्त, कफको भेद र स्थानहरु लेख्नुहोस् । | १० |
| २) | (क) प्राचीन र अर्वाचीन दृष्टिले अस्थिहरुको संख्या लेखी, जानु सन्धिको वर्णन गर्नुहोस् । | ५ (२+३) |
| | (ख) अन्तः स्रावी ग्रन्थिहरुको नाम लेखी, अधिबृक्कको कार्यको वर्णन गर्नुहोस् । | ५ (२+३) |
| ३) | वीर्य र प्रभावको भिन्नता लेखी, निम्न द्रव्यहरुको रस, गुण, वीर्य, विपाक र आमयिक प्रयोग लेख्नुहोस् ।<br>अश्वगन्धा, मधुयष्टी र गोक्षुर | १० (४+३+३) |
| ४) | (क) गजपुटको निर्माण बिधी लेख्नु होस् र शंखको शोधन, मारण, गुण र मात्रा लेख्नुहोस् । | ५ (२+३) |
| | (ख) पञ्चबिध कषाय कल्पनाको नाम लेखी, सितोपलादि चूर्णको निर्माण विधि लेख्नुहोस् । | ५ (२+३) |
| ५) | (क) जनपदोध्वंसको परिचय लेख्दै, रोग प्रतिरोधात्मक क्षमता वारेमा वर्णन गर्नुहोस् । | ५ (२+३) |
| | (ख) स्थावर र जंगम विषको गति वारे संक्षेपमा लेख्नुहोस् र न्यायिक वैद्य भनेको के हो? उल्लेख गर्नुहोस् । | ५ (२+३) |
| ६) | (क) दोष र धातुहरुको परिभाषा लेखी, पित्त प्रकोपका लक्षणहरु लेख्नुहोस् । | ५ (२+३) |
| | (ख) रोगोत्पत्तिमा सूक्ष्म जीवाणुहरुको भूमिका लेखी, परजीवीको प्रकार संक्षेपमा लेख्नुहोस् । | ५ (२+३) |
| ७) | कामला रोगको निदान, पूर्वरुप, लक्षण, चिकित्सा एवं पथ्यापथ्य लेख्नुहोस् | १० |
| ८) | (क) शल्य भनेको के हो? अष्टबिध शल्य कर्म वारे संक्षेपमा लेख्नुहोस् । | ५ (२+३) |
| | (ख) उर्ध्वजत्रुगत रोग भन्नाले के बुझ्नु हुन्छ? लेखी, पीनस रोगको निदान र लक्षणहरु समेत लेख्नुहोस् । | ५ (२+३) |
| ९) | (क) सद्योगृहित गर्भको लक्षण लेखी, गर्भिणी परिचर्यावारे लेख्नुहोस् । | ५ (२.५+२.५) |
| १०) | नेपाल स्वास्थ्य सेवा ऐन, नियममा उच्च अध्ययन गर्न पाउने के के आधारहरु निश्चित गरिएका छन्? लेख्नुहोस् । | १० |

**लोक सेवा आयोग**
**नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूह, आटौं तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ्ग, कृषि, वन, विविध र शिक्षा सेवाका सबै समूह/उपसमूह,
राजपत्रांकित तृतीय श्रेणी र एवं स्वास्थ्य सेवाको सातौं र आठौं तहका पदहरुमा
प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र
लिइने **सामूहिक परीक्षण (Group Test)** को लागि

## सामूहिक छलफल (Group Discussion)

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफल (Leaderless Group Discussion) को रुपमा अवलम्वन गरिने छ । दिइएको प्रश्न वा Topic का विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति (Individual Presentation) गर्नु पर्नेछ । यस परीक्षणमा मूल्याङ्कनको लागि देहाय अनुसारको ३ जना भन्दा बढीको समिति रहनेछ ।

| | | |
|---|---|---|
| आयोगका सदस्य | - | अध्यक्ष |
| आयोगका सदस्य | - | सदस्य |
| मनोविज्ञ | - | सदस्य |
| दक्ष/विज्ञ (१ जना) | - | सदस्य |

**सामूहिक छलफलमा दिइने नमुना प्रश्न वा Topic**

उदाहरणको लागि - उर्जा संकट, गरीबी निवारण, स्वास्थ्य बीमा, खाद्य सुरक्षा, प्रतिभा पलायन जस्ता Topics मध्ये कुनै एक Topic मात्र दिइनेछ ।

लोक सेवा आयोग